# सैनामैना नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बुद्धनगर, रुपन्देही

प्रदेश नं ५, नेपाल

## दरभाउपत्र आव्हान सम्बन्धि सूचना

सूचना नं. SQ/०६/०७४।७५

प्रथमपटक प्रकाशित मिति : २०७४/१२/२७ गते)

यस कार्यालयको आ.व. २०७४।०७५ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सैनामैना नगरकार्यपालिकाको कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरुका लागि केही कम्प्यूटर र प्रिन्टर खरिद गर्नु परेको हुँदा इजाजतपत्र प्राप्त फर्म/संस्था तथा सो सम्बन्धि व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :-**

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसिद साथ नविकरण भएको इजाजत पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र आ.ब. ०७३/०७४ को कर चुक्ता प्रमाण पत्रका प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सूचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले १५ दिन धित्र कार्यालय समयमा यस कार्यालयको खरिद शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ।

२. यस कार्यालयबाट खरिद गरेको दरभाउपत्र फारम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., दरभाउपत्र दाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी २०७५।०१।१२ गते दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्र सोही दिनको २:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि दरभाउपत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन।

३. सिलबन्दी दरभाउपत्रसाथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक पर्रोहा शाखा मुर्गिया स्थित ग-३ धरौटी खाता ०४१४२०११४९२४४०१५ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको **(कार्यको विवरण र ठेक्का नम्बर समेत उल्लेख भएको)** बिडबण्ड संलग्न हुनु पर्नेछ।

४. दरभाउपत्र शर्त रहित, दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत भएको हुनुपर्ने छ। समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन।

५. दरभाउपत्रको मान्य अवधि (Bid Validity period) ४५ दिनको हुनेछ।

६. नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु दररेटमा समावेश भएको मानीने छ ।

७. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ।

८. दरभाउपत्रको डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन।

९. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ।

१०. यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ।

**तपसिल**

| सि. नं | ठेक्का नं. | कार्यको बिवरण र स्थान | ल.ई.रकम (मु.अ. कर बाहेक) रु. | बोलपत्र जमानत रु. | दस्तुर रु. |
|---|---|---|---|---|---|
| 1 | SQ/०६/०७४।७५ | Supply and Delivery of Branded Computers and Printers | ११७७५०० | ३०,००० | १००० |

**प्रमुख प्रशासकीय अधिकृत**